# कोभिड-१९ भ्याक्सिन (COVISHIELD) सम्बन्धि जानकारी

**तपाईं आफ्नो स्वास्थ्य सेवाप्रदायकलाई कोभिड-१९ को भ्याक्सिन पाउनु भन्दा पहिले निम्न कुराको जानकारी दिनुहोस् ।**

- तपाईलाई कुनै औषधिले गम्भिर असर देखाएको छ ? यदि छ भने कुन औषधिले ?
- तपाईलाई ज्वरो आएको छ ?
- यदि तपाईलाइ कुनै दिर्घ रोग छ वा कुनै रोगको औषधि सेवन गरिरहनुभएको छ भने खोप दिने स्वास्थ्यकर्मीलाई जानकारी दिनुहोस् ।
- तपाईलाई रगत बहने (Bleeding Disorder) समस्या छ ? वा तपाईले रगत पातलो गर्ने (anti-coagulants) औषधि सेवान गरि रहनु भएको छ ?
- तपाई गर्भवती हुनुहुन्छ वा गर्भवती हुने योजनामा हुनुहुन्छ ?
- तपाईले स्तनपान गराइरहनु भएको छ ?
- तपाईले यो भन्दा पहिले कोभिड-१९ को खोप लगाउनु भएको छ ? यदि छ भने, खोप प्रदान गर्ने स्वास्थ्य संस्था वा लिखित कागजात देखाउनु पर्दछ ।

## कोभिड-१९ भ्याक्सिनले देखाउन सक्ने अन्य असरहरु :

सामान्य : १० जनामध्ये १ जनामा देखिन सक्ने असरहरु

- खोपलगाएको ठाउँमा गाठो वा सुनिन सक्छ
- ज्वरो आउनु
- बान्ताहुनु
- फ्लु जस्तो लक्षण : उच्च तापक्रम, घाँटि दुख्नु, नाक बन्दहुनु, खोकि आदि

असामान्य : १०० जनामा १ जनालाई हुनसक्ने  असरहरु

- चक्कर लाग्नु ,
- खाना नरुच्नु ,
- पेट दुख्नु
- लिम्फ नोडहरु विस्तारित हुनु / सुन्निनु
- अत्याधिक पसिना बग्नु
- छाला चिलाउने अथवा रातो दाग देखापर्नु

यदि तपाईलाई शरीरमा गम्भीर एलर्जी देखियो भने तुरुन्तै स्वास्थ्यकर्मीको सल्लाह लिनु अथवा अस्पताल गइहाल्नुपर्छ । यदि कुनै अन्य लक्षण  देखा परेमा स्वास्थ्यकर्मीलाई  खबर गर्नुहोस, नआत्तिनु होस् ।

## कोभिड-१९ भ्याक्सिनको बारेमा प्राय सोधिने प्रश्नहरु :

१) के मलाई covidshield भ्यासिनले covid -19 को संक्रमण गराउँछ ?

- कोभिडको खोपमा कोभिड किटाणु समावेश गरिएको छैन त्यसैले तपाईलाई यो खोपले संक्रमण गराउँदैन

२) कस्तो उमेर व्यक्तिले COVID भ्याक्सिन लिन मिल्छ ?

- १८ वर्ष उमेर पुगेका सबै व्यक्तिहरुलाई आपतकालिन प्रयोगको रुपमा यस खोपको अनुमति दिईएको छ ।

३) कस्तो व्यक्तिले COVID भ्याक्सिन लिनु मिल्दैन ?

- <१८ वर्षको उमेर समूह
- यदि पहिले कुनै किसिमको खोप लगाउँदा असामान्य लक्षण देखा परेका व्यक्तिहरुले ।
- यदि कोभिड-१९ को पहिलो डोज लगाउँदा सिरियस साईड इफेक्ट (एनाफाईलेक्सिस) भएमा ।
- यस खोपको कुनै पनि तत्वको (ingredient) गम्भीर एलर्जी (एनाफाइलेक्सिस्) भएमा ।
- गर्भवती तथा स्तनपान गराउने आमा, गर्भावस्थाको लागी योजना बनाइराखेको भएमा ।
- तलका अवस्थामा निको भएपछि पनि ४ देखि ८ हप्ताकोलागि खोप स्थगित गर्ने
    - कोभिड–१९ को  सकृय संक्रमण भएको अवस्था
    - Monoclonal antibodies/convalescent प्लाज्मा थेरापी दिइएका कोभिड–१९ बिरामी
    - कुनै पनि कारणले गम्भीर बिरामी भएमा (acute severe illness, acute severe febrile illness)
- Bleeding वा coagulation disorders भएका मानिसहरु लाई खोप दिँदा सावधानी अपनाउनुपर्छ

४) COVID भ्याक्सिन कसरि दिइन्छ ?

- सम्पूर्ण व्यक्तिहरुलाई covid को खोप intramuscular विधिबाट deltoid मांशपेशि अर्थात  हातको पाखुरामा दिइन्छ ।
- यो खोप 0.5 ml प्रति खुराक २ पटक फरक अवधिमा दिइन्छ ।
- यदि तपाईल COVID खोपको पहिलो खुराक लिनुभयो भने ४ देखि ६ हप्ताको अन्तरालमा दोस्रो खुराक लिनुपर्छ ।
- नेपाल सरकारको योजनाअनुसार दोस्रो खुराक १२ हप्ता भित्रमा लिइसक्नुपछ ।

**यदि तपाईले covid को दोस्रो खोप तोकिएको समयमा बिर्सनु भयो भने स्वास्थ्यकर्मी सगं सल्लाह लिनुहोस् । यो कोभिडको  दोस्रो डोज लिन अति आवश्यक र महत्वपूर्ण छ ।**

<table>
<tr>
<td>कृपया आरामदायी कपडा लगाएर आउनुहोला । यो भ्याक्सिन हातको पाखुरामा दिईन्छ ।<br><br>Please come wearing comfortable clothes as COVID vaccine is given intramuscularly at upper arm.</td>
<td>
</td>
</tr>
</table>